# छात्रवृत्ति वितरण कार्यक्रमले शिक्षण सिकाइमा पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग

अन्तर्गत स्नातकोत्तर तह (Ed. 598) द्वितीय वर्षको आंशिक आवश्यकता पूरा

गर्नका लागि प्रस्तुत

शोधपत्र


शोधार्थी

महेश्वर दहाल

परीक्षा रोल नं. : २१४०११८/२०६४-२०६५

क्याम्पस रो.नं : ३५

त्रि.वि. द.नं. :९-३-२१४-३४७-२००७

शैक्षिक वर्ष २०६४-२०६५

सुकुना वहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ


असार, २०७१

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता पुरा गर्न छात्रवृत्ति वितरण कार्यक्रमले शिक्षण सिकाइमा पारेको प्रभाव शीर्षकमा यो शोधपत्र तयार गरिएको छ ।

प्रस्तुत शोधपत्र पूरा गर्न प्रारम्भदेखि अन्त्य सम्म नियमित सुपरिवेक्षण, मार्ग निर्देशन र अमूल्य सुझाव दिनुहुने सहायक क्याम्पस प्रमुख तथा विभागीय प्रमुख श्री लक्ष्मीकुमार श्रेष्ठज्यूलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र तयार गर्दा अमूल्य सुझाव दिनुहुने सह-प्राध्यापक श्री भोजराज घिमिरे, सह-प्रध्यापक श्री खगेन्द्रप्रसाद लुईटेलज्यूमा हार्दिक कृतज्ञताज्ञापन गर्दछु साथै यस क्याम्पसका क्याम्पस प्रमुख श्री पीतकुमार श्रेष्ठ ज्यू र विभागका सम्पूर्ण आदरणीय गुरुहरूप्रति आभार प्रकट गर्दछु ।

अध्ययनको क्रममा तथ्यांक एवम् सूचना उपलब्ध गराएर सहयोग पुऱ्याउनु हुने नमुना छनौटमा परेका विद्यालयको प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति, विद्यार्थी र अभिभावकहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस शोधपत्रमा भएका शुद्धाशुद्धिमा सहयोग पुऱ्याउने मित्र खगेन्द्र लामिछाने र चक्रपाणी उपाध्याय प्रति आभार व्यक्त गर्दछु । शोधपत्र लेखन कार्यमाक निरन्तर सहयोग पुऱ्याउने मेरी जीवन साथी सिता बराल (दहाल) , छोरीहरू शिलु र नितु दहाल लाई हृदय देखिनै धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा यस शोध पत्रलाई कम्प्युटर टाइप गरी विशेष सहयोग पुऱ्याउने मोर्डन डिजिटल फोटो स्टुडियो तथा कम्युनिकेशन सेन्टर, सुकुना मोरङका प्रोपोराइटर धर्मेन्द्र दुलाललाई पनि धन्यवाद दिन चाहान्छु ।

मिति : २०७१ असार

महेश्वर दहाल

# शोधसार

छात्रवृत्ति वितरण कार्यक्रमले शिक्षण सिकाइमा पारेको प्रभाव शीर्षकमा गरिएको यस अनुसन्धानको उद्येश्य प्राथमिक तहमा छात्रवृत्ति वितरण प्रक्रियाको पभाव पत्ता लगाउनु र उक्त प्रक्रियाले शिक्षण सिकाइमा पारेको प्रभाव खोज्नु हो । यस अनुसन्धानको ढाँचा गुणात्मक र परिमाणात्मक गरी मिश्रित प्रकारको रहेको छ ।

यस अध्ययनका लागि मोरङ जिल्ला दादरबैरिया स्रोतकेन्द्रअन्तर्गत पर्ने ६ ओटा गाविसभित्रका सामुदायिक विद्यालयहरू, ती विद्यालयमा कार्यरत प्रअ.हरू, शिक्षकहरू, अभिभावकहरू, विद्यार्थीहरू र वि.व्य.स. पदाधिकारीहरूलाई नमूना जनसङख्याका रूपमा लिइएको छ ।

विद्यालयले प्रदान गर्ने छात्रवृत्तिहरूमध्ये अध्ययनमा परेका विद्यालयहरूले दलित छात्रवृत्ति, बालिका छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति र सीमान्तीकृत छात्रवृत्ति उपलब्ध गराउने गरेको पाइयो । उल्लिखित कार्यक्रमले विद्यार्थी र अभिभावकहरूमा विद्यालयप्रति सकारात्मक धारणाको विकास गराएको पाइयो । छात्रवृत्ति प्राप्तिले विद्यार्थीहरू विद्यालयमा नियमित हुने, शैक्षिक उपलब्धि बढ्ने, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर घटेको देखिन्छ । बालिका छात्रवृत्तिले छोरा र छोरीमा रहेको विभेद कम गरी छोरीलाई विद्यालय पठाउने कार्यमा अभिभावकहरूलाई प्रोत्साहित गरेको छ । यसका साथै लक्षित समूहमा रहेका अभिभावकहरूको चेतनामा समेत परिवर्तन ल्याएको छ । विद्यालयमा छात्रवृत्तिको रुपमा सम्पूर्ण बालिबालिकालाई निःशुल्क पाठ्यपुस्तक वितरण गरिएको पाइयो । सबै विद्यालयले एकै प्रकारले छात्रवृत्ति वितरण गर्ने नगरेको पाइयो । कार्यक्रमको आयोजना गरी छात्रवृत्ति वितरण गर्दा अभिभावकहरू नआउने गर्दा रहेछन् । छात्रवृत्ति वितरणमा जि.शि.का. तथा स्रोतकेन्द्रबाट प्रभावकारी अनुगमन हुन नसकेको पाइयो । कतिपय विद्यालयले छात्रवृत्ति रकमलाई नगदै वितरण नगरी शीर्षक परिवर्तन गरेर दामासाहीले पोशाक वा अन्य स्टेसनरी दिने गरेको पाइयो । विद्यालयबाट प्राप्त छात्रवृत्ति रकमको कतिपय अभिभावकबाट दुरुपयोग समेत हुने गरेको पाइयो । अभिभावकहरूबाट छात्रवृत्ति रकम न्यून रहेको प्रतिक्रिया प्राप्त भयो । प्राथमिक कक्षामा दिने गरेको छात्रवृत्ति रकमलाई क्रमशः वृद्धि गरिदै माथिल्लो कक्षासम्ममा दिइनु पर्ने भनाइ अभिभावकहरूको रहेको छ ।

छात्रवृत्ति कार्यक्रमले समुदायमा विद्यालय प्रतिको नकारात्मक धारणामा परिवर्तन गरी सकारात्मक धारणाको विकास गराएको छ। यसले विद्यार्थीहरूमा स्वास्थ्य , सरसफाइ, अनुशासन, नैतिकता समयपालन जस्ता पक्षमा सुधार ल्याएको छ। छात्रवृत्तिको रकम उपयुक्त समयमा दिइनु पर्ने, छात्रवृत्ति छनौटमा पारदर्शिता हुनु पर्ने, छात्रवृत्ति कार्यक्रमको प्रचार, प्रसार गरिनु पर्ने, उमेर नपुगी बालबालिकालाई छात्रवृत्तिको लागि भर्ना गर्दा उमेरगत सिकाइ उपलब्धि प्राप्त गर्न नसकिने भएता पनि यसले विद्यार्थीहरूमा अभिप्रेरणा प्रदान गरेको कुरालाई निश्कर्षका रुपमा राखिएको छ। कक्षा बढ्दै जाँदा र महंगी बढ्दै जाँदा छात्रवृत्ति रकम क्रमशः वृद्धि गर्दै लगिनु पर्ने, विद्यार्थी संख्यालाई मात्र आधार नमानी जिल्लाको भौगोलिक आर्थिक अवस्था र लक्षित समूहको संख्याको आधारमा सबै जिल्लामा एकै दिन छात्रवृत्ति वितरण गर्ने गर्दा एकरुपता हुने गर्दछ। छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउन योजना निर्माण, सुपकिरवेक्षण, मार्ग दर्शन र मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने हुन्छ। सम्बन्धित सरोकारवालालाई जानकारी गराउने, नियमिततालाई ध्यान दिइ बर्षमा २ पटक छात्रवृत्ति वितरण गर्ने, गरिब तथा जेहेन्दार शीर्षकमा समेत छात्रवृत्ति कोटा माग गर्नुपर्ने, छात्रवृत्ति छनौट र वितरणमा पारदर्शिता अपनाइ अभिलेख राख्नु पर्ने सुझावहरू दिइएको छ।

# विषयसूची


पृष्ठ सङ्ख्या

सिफारिस पत्र i

स्वीकृति पत्र ii

कृतज्ञताज्ञापन iii

शोधसार iv

विषयसूची vi

तालिकासूची ix

चित्रसूची x

सङ्क्षिप्त शब्दको पूरा रूप xi

**परिच्छेद एक : परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२. समस्याको कथन ४

१.३ अध्ययनको औचित्य ५

१.४ अध्ययनको उद्देश्य ५

१.५ अनुसन्धानात्मक प्रश्नावली ६

१.६ अध्ययनको परिसीमा ६

१.७ शब्दावलीको परिभाषा ६

**पच्छिेद दुई :सम्वधित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका**

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन ८

२.२ अध्ययनको सैद्धान्तिक खाका ११

२.३ पुनरावलोकनको उपादेयता १२

**परिच्छेद तीन : अध्ययन विधि**

३.१ अनुसन्धानात्मक ढाँचा १४

३.२ जनसंख्या र नमुनाको आकार १४

  ३.२.१ नमुना छनौट विधि १४

३.२.२ नमुना छनौटको आधार १४
३.३ अनुसन्धानका साधनहरु १५
३.३.१ प्रश्नावली १६
३.३.२ अभिलेख / दस्तावेज अध्ययन १६
३.३.३ अन्तरवार्ता प्रश्नावली १६
३.३.४ अवलोकन फारम १६
३.३.५ साधनको वैद्यता १६
३.४ तथ्याङ्कका स्रोतहरु १७
३.४.१ प्राथमिक स्रोत १७
३.४.२ द्धितिय स्रोत १७
३.५ तथ्याङ्क संकलन प्रक्रिया १७
३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया १७

**परिचछेद चार : तथ्याङ्कको विश्लेषण तथा व्याख्या**

४.१ छात्रवृत्ति वितरण प्रक्रिया १८
४.१.१ छात्रवृत्ति वितरणको समय १९
४.१.२ छात्रवृत्तिको प्रकार २१
४.१.३ छात्रवृत्ति प्राप्तिमा अभिभावकहरूको सहभागिता/ चासो २३
४.१.४ छात्रवृत्ति वितरणमा शिक्षकहरूको संलग्नता २४
४.१.५ छात्रवृत्तिको लागि विद्यार्थीको छनौट प्रक्रिया २५
४.२ छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता २७
४.२.१ उतीर्णदर २७
४.२.२ नियमितता २९
४.२.३ अनुसासन ३१
४.२.४ विद्यार्थी समाजिकीकरण ३२
४.३ छात्रवृत्ति वितरणमा देखिएका समस्याहरू ३३
४.३.१ छात्रवृत्तिको सदुपयोग / दुरुपयोग ३५
४.३.२ रकमको पर्याप्तताको अवस्था ३७
४.३.३ छात्रवृत्ति वितरण गर्ने समयको उपयुक्तता ३८

४.३.४ छात्रवृत्ति वितरणमा पारदर्शिता ३९
४.३.५ वितरण प्रणालीमा मापदण्डको निर्धारण ३९
४.३.५ अनुगमन र सुपरिवेक्षण ४०
४.३.६ नीतिगत निर्देशन ४०
४.३.७ चेतना ४१
४.४ छात्रवृत्ति वितरणमा देखिएका समस्या समाधानका उपायहरु ४१
४.४.१ छात्रवृत्ति वितरणमा अभिभावकको धारणा ४२
४.४.२ प्र.अ.को धारणा ४२
४.४.३ विद्यार्थीको धारणा ४३
४.४.४ शिक्षकको धारणा ४३
४.४.५ स्रोतव्यक्तिको धारणा ४४
४.४.६ विभिन्न सरोकारवालाबाट आएका धारणा ४५

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु**

५.१ प्राप्ति ४७
५.२. निष्कर्ष ४८
५.३ सुझावहरू ४९
५.३.१ नीतिगत तह ५०
५.३.२ अभ्यास तह ५०
५.३.३ अनुसन्धान तह ५०
सन्दर्भसूची
अनुसूची

# तालिकासूची

| | | |
|---|---|---|
| | | पृष्ठ सङ्ख्या |
| तालिका १ | प्रथमिक तह (१-५) को विद्यार्थी विवरण | १८ |
| तालिका २ | छात्रवृत्ति वितरणको समय | २० |
| तालिका ३ | छात्रवृत्ति वितरणको समयका सम्बन्धमा सरोरकार बालाको भनाइ | २० |
| तालिका ४ | छात्रवृत्तिको प्रकार (प्राथमिक तह १-५) | २१ |
| तालिका ५ | छात्रवृत्ति प्राप्तिका सम्बन्धमा विद्यार्थी शिक्षक र अभिभावकको भनाई | २३ |
| तालिका ६ | प्राथमिक तहमा छात्रवृत्ति वितरणको स्वरुप | २५ |
| तालिका ७ | अन्य छात्रवृत्तिको अवस्था | २६ |
| तालिका ८ | परीक्षाको नतिजा | २८ |
| तालिका ९ | छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीको उपस्थिति | २९ |
| तालिका १० | छात्रवृत्ति रकमको उपयोगमा अभिभावकको अभिमत | ३५ |
| तालिका ११ | छात्रवृत्ति रकमको दर | ३७ |

# चित्रसूची


| | | |
|---|---|---|
| | | पृष्ठ सङ्ख्या |
| चित्र १ | अध्ययनमा परेको विद्यालयहरूको विद्यार्थी विवरण | १९ |
| चित्र २ | विद्यार्थीको बार्षिक औषत उपस्थिति | ३० |

# सङक्षिप्त शब्दको पूरा रूप

| | |
|---|---|
| प्र.अ. | प्रधानाध्यापक |
| मा.वि. | माध्यमिक विद्यालय |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| वि.नि. | विद्यालय निरीक्षक |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| गा.वि.स. | गाउँ विकास समिति |
| न.पा. | नगरपालिका |
| स्रो.व्य. | स्रोतव्यक्ति |